# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि तथा पशु विकास महाशाखा
जनप्रिय मार्ग, पोखरा, ७
गण्डकी प्रदेश, कास्की    सम्पर्क नं : ०६१-४५७८९४
पत्र संख्या : २०७८/७९    इमेल : agriculture.pokharamun@gmail.com
चलानी नं :    वेबसाइट : www.pokharakrishi.gov.np


पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि तथा पशु विकास महाशाखा पोखरा, कास्की गण्डकी प्रदेश, नेपाल

### पोखरा महानगरपालिकाको मेयर प्रबिधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला बगैचा ब्यबस्थापन सहयोग कार्यक्रम सम्बन्धि सुचना

सुचना प्रकाशन मितिः२०७८/०९/१८

पोखरा महानगरपालिका कृषि बिकास महाशाखाको आर्थिक बर्ष २०७८।७९ को स्वीकृत कार्यक्रम अन्तर्गत पोखरा २१ क्रिस्ती, निर्मल पोखरी तथा पोखरा २२ खाल्से क्षेत्रमा ब्यावसायिक सुन्तला उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि नियमित बगैंचा ब्यबस्थापन कार्यको लागि तपशिल अनुसारका कियाकलापहरु गरेबापत प्रति बोट बढीमा रु.१०० का दरले सहयोग गर्ने कार्यक्रम रहेकोले **२०७८ साल माघ मसान्तसम्म** उपर्युक्त काम सम्पन्न गरि फर्मेट अनुसारको विवरण सहित पोखरा महानगरपालिका कृषि महाशाखामा निवेदन दिनुहुन वा अनलाइन मार्फत apms.pokharakrishi.com मा रहेको सुन्तला बगैंचा व्यवस्थापन सहयोग कार्यक्रम फर्मेट भरि पेश गर्नहुन अनुरोध गरिन्छ ।

**तपशिल**

- यो कार्यक्रम कम्तिमा १ रोपनीमा खेति गरेको र ५ वर्ष भन्दा माथिको १० वटा भन्दा बढी फल दिने बिरुवाको लागि मात्र हुनेछ ।
  - ➢ प्रति बोट कम्तिमा ५० के.जी. मलखाद प्रयोग बापत रु.३०
  - ➢ बोटको १ मिटर उचाई सम्म बोर्डो पेस्ट लगाएबापत रु.३०
  - ➢ बोटमा बोर्डो मिक्स्चर स्प्रे गरेबापत रु.२०
  - ➢ छापो वा मल्चिंग प्रयोग गरेबापत रु.२०

तोकिए अनुसार क्रियाकलापहरुको काम सम्पन्न पश्चात प्रति बोट बढीमा रु १०० नगद अनुदान

- सम्बन्धित वार्ड कार्यालय,कृषि प्राविधिक तथा कृषि संजालको समन्वयमा स्थलगत अनुगमन गरिनेछ ।

**आवश्यक कागजात**

- गत वर्ष आवेदन दिएकोले बगैंचा धनीको नागरिकता,खेति गरेको जग्गाको लालपुर्जाको प्रतिलिपि नचाहिने, किसान सूचिकरण गर्नू नपर्ने (अन्य को हकमा चाहिने )
- काम सम्पन्न भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नुपर्नेछ ।
- काम सम्पन्न गरेपछिको बगान देखिने गरि खिचेको फोटो ।

महाशाखा प्रमुख

**नोटः रित नपुगेको निवेदन र झुटा विवरण पेश गर्नेलाई कार्यक्रममा समावेश गरिने छैन ।**